बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## शुभकामना

नयाँ वर्ष २०७७ को सुखद अवसरमा बौदीकालीवासी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा नयाँ उत्साह र उमङ्ग सहित सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु, भातृत्व, एकता एवम् समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राजनीतिक परिवर्तन मार्फत प्राप्त ऐतिहासिक उपलब्धिसँगै प्राप्त संघीय शासन प्रणाली अनुरुप हाम्रो गाउँपालिकाले आर्थिक–सामाजिक समृद्धितर्फको यात्रा अगाडि बढाउन भरमग्दुर प्रयास गरिएको छ । साथै गाउँपालिकाको विकास र समृद्धि हासिल गर्नेबाटोमा हामी सबैको साझा प्रयत्न समेत जरुरी छ । अतः हाम्रो सामु भएको प्रचूर प्राकृतिक सम्पदा र मानवीय श्रोतलाई समुचित प्रयोग गर्दै आफ्नै मिहनेतले गाउँपालिकालाई आत्मनिर्भर वनाउने दायित्व हाम्रो काँधमा आएको छ ।

यो ऐतिहासिक जिम्मेवारी पुरा गर्न सबै बौदीकालीवासीले आ-आफ्नो स्थानवाट गर्नुभएको सहयोगको लागी हार्दिक नमन गर्दै आगामी बर्षहरुमा पनि यस्तै सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा लिईएको छ ।साथै जनताप्रति उत्तरदायित्व, जवाफदेहिता र पारदर्शिता कायम गर्ने कुरामा हामी प्रतिबद्धता जाहेर गर्दछौ ।

आज सिङ्गो मानवजाति कोभिड–१९ को महामारी विरुद्ध कठिन युद्ध लडिरहेको अवस्थामा सबैको सहयोग र प्रयासले यस गाउँपालिकामा अहिले सम्म कुनै समस्या नभएतापनि अझै सचेत हुनुपर्ने बेला भएको छ । गाउँपालिकाले आफ्ना प्रयासहरु अत्यन्तै प्रभावकारी गरिरहेको यहाँहरु सबैलाई विदितै छ ।आशा छ, मानव जातीले कोभिड–१९ विरुद्धको युद्धमा विजय प्राप्त गर्नेछ ।

अन्तमा, नयाँ वर्ष २०७७ ले यहाँहरुको जीवनमा समृद्धि र दीगो शान्तिका साथ महत्वपूर्ण उपलब्धि हासिल गरेको वर्ष बन्न सकोस् भन्दै सबैमा हर्षोल्लासको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

| प्रदिपचन्द्र सुबेदी | मायादेवी श्रेष्ठ | दुर्गा बहादुर राना |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**तथा सम्पूर्ण गाउँपालिका परिवार**

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

खानेपानी, कृषि, पर्यटन र पूर्वाधारः बौदीकाली विकासको दीगो आधार